# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, जेठ १९ गते २०६३ साल (अतिरिक्ताङ्क १५

## भाग ३

नेपाल सरकार

### संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

**ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी (पहिलो संशोधन) नियमावली, २०६३**

ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी नियमावली, २०६२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

पर्यटन ऐन, २०३५ को दफा ५६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छः-

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी (पहिलो संशोधन) नियमावली, २०६३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी नियमावली, २०६२ को नियम ५ मा संशोधन : ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी नियमावली, २०६२ को नियम ५ को उपनियम (३) को अन्त्यमा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः-

"तर नेपाल सरकारले उचित ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको अवधिमा नबढ्ने गरी बढीमा एक वर्षसम्मको लागि यस उपनियम बमोजिमको अवधि थप गर्न सक्नेछ ।"

आज्ञाले,
गोविन्दप्रसाद पाण्डे
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो. द्द. द. नं. १६।०६३।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।